धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

प्रदेश नं २, नेपाल

## नदीजन्य पदार्थ निकाशी कर (वातावरण शुल्क) ठेक्का वन्दोवस्त सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०७/०१)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ ६ बमोजिम यस नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि आफ्नो भैगोलिक क्षेत्रभित्रका विभिन्न स्थानबाट खनिज पदार्थ उत्खन्न गरि ढुवानी गर्ने हरेक सवारी साधनसंग तोकिएको (वातावरण शुल्क) निकाशी पटके कर उठाउने प्रयोजनका लागि ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले ईच्छुक फर्म कम्पनीहरु बाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० औं दिन भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ र ३१ औं दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. सिलबन्दी बोलपत्र पेश गर्दा इजाजत प्राप्त कम्पनीले नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ।

३. बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको रा.बा.बैक, लहानमा रहेको धरौटी खाता नं. २२६०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक)बाट घटिमा ९० दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ।

१५. धनगढीमाई नगरपालिकाको क्षेत्र भित्र रहेको खनिज पदार्थ ढुवानी पटके शुल्कको न्यूनतम कबोल अंक रु. ६०,००,०००। (साठी लाख मात्र) हुने छ।

१६. बोलपत्र स्वीकृत भए पछि ठेका रकम अत्तिरिक्त VAT रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा १०% छुट दिनेछ।

१७. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

१९. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

| ठेक्का नं | कामको विवरण | धरौटी रकम |
|---|---|---|
| आ.२०७६/०७७-०२ | निकाशी कर (वातावरण शुल्क) अशुल गर्ने | कबोल अंकको ५ प्रतिशत |

### निकाशी कर (वातावरण शुल्क) को दर रेट

| सवारी साधन | नदीजन्य पदार्थ | रकम रु |
|---|---|---|
| टयाक्टर | क) माटो, भरौटे बालुवा | २५ |
| | ख) घर जोड्ने बालुवा | ५० |
| | ग) ढुङगा, गिटी, ग्राभेल | ७५ |
| मिनि टिपर | क) माटो, भरौटे बालुवा | ५० |
| | ख) घर जोड्ने बालुवा | ७५ |
| | ग) ढुङगा, गिटी, ग्राभेल | १५० |
| ट्रक/हेभी टिपर | क) माटो, भरौटे बालुवा | ७५ |
| | ख) घर जोड्ने बालुवा | १५० |
| | ग) ढुङगा, गिटी, ग्राभेल | २५० |